# गाउँ सभाको बैठकमा अध्यक्ष श्री सन्त बहादुर घले (तामाङ)ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५।७६ को

# नीति तथा कार्यक्रम

सुर्यगढी गाउँपालिका

नुवाकोट जिल्ला

प्रदेश नं. ३

१० असार २०७५

गाउँपालिकाको उपाध्यक्ष एवं नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा यस गरिमामय सभाको अध्यक्षता गरिरहनुभएको सभाध्यक्ष,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

पत्रकार मित्रहरु, उपस्थित सम्पूर्ण महानुभावहरु,

स्थानीय निर्वाचन सम्पन्न भएको लगभग १ वर्ष पुरा भएको छ। नेपालको संविधान २०७३ बमोजिम पुनरसंरचित स्थानीय तह तथा गठित स्थानीय सरकारको अधिकार र जिम्मेवारीको सन्दर्भमा जन प्रतिनिधिहरुको लागी बिगतको १ बर्ष अनुभव, सिकाई र परिस्थिति जन्य माग हरुको ब्यबस्थापनमा व्यतित भएको छ।

हामी निर्वाचित जनप्रतिनिधिहरुले जनता प्रतिको उत्तरदायित्व पुरा गर्न जे जति गर्नु पर्ने थियो, त्यो कमी भएको महसुस भएको छ। यस्तो अबस्थामा हामी जनप्रतिनिधिहरु अत्यन्त सचेत एव थप चिन्तित छौ। स्थानीय सरकार गठन भएको केहि महिना सम्म आबस्यक कानुन र सस्थागत संरचनाको अभाबमा रुमल्लिएर बस्न बाध्य हुनुका साथै बिना तयारी हतारोमा बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने काम गर्न तथा जनशक्तीको अभावमा बजेट कार्यान्यिवन सुरु गर्न नसक्नु, लगत्तै वर्षायाम, दशैं तिहार जस्ता चाड पर्ब पर्नुले गर्दा कार्यालय र आम समुदायमा काम गर्ने वातावरण नबन्नु त्यसको लगतै दुइ ठुला ठुला निर्वाचन सुरु भइ आचारसंहिता लागु भइ बिकाश निर्माण र बजेट कार्यान्वयनमा अबरोध हुदा स्थानीय सरकारका लागी प्रगतीमा विभिन्न चुनौती र अबरोध खडा भएको सबैमा सर्वविदितै छ।

कार्यालय संचालन र विनियोजित गरिएको बजेट कार्यान्वयन गर्ने तर्फ नेपाल सरकारले आबश्यक जनशक्ती नखटाएको र अर्को तर्फ चाहिने जनशक्ति नियुक्ती गरि काम अगाडी बढाउन समेत नीतिगत अबरोधहरु खडा हुदा कार्यसम्पादनमा स्थानीय सरकारले ठुलो सास्ती भोग्न पर्यो।

यावत समस्या र चुनौतीका बाबजुत स्थानीय सरकारले बिगत १ बर्षमा पर्याप्त उपलब्धिहरु हासिल गरेको छ । पौष १ गते पछी निर्वाचन आचारसंहिता फुकुवा पछी बिकास निर्माण र बजेट कार्यान्वयन सुरु भएर सार्बजनिक खर्चको प्रगति उत्साहजनक देखिएको छ । चालु आ.व. ०७४।७५ मा सुर्यगढी गाउँपालिकाको करिब ९०% बजेट खर्च हुने अबस्था देखिएको छ ।

बिगत एक बर्षमा सुर्यगढी गाउँपालिकाका आम जनताको आसा र भरोसामा अभिबृद्धि भएको देखिन्छ । घर, टोलटोलमा पुगेको कच्ची मोटर बाटो, सिंचाई कुलो, गोरेटो बाटो, खानेपानी सुबिधा, मन्दिर पक्कि छिडी, शिक्षा क्षेत्र सुधारका कार्यक्रम, स्वास्थ्यमा आम नागरिक पहुच, कृषकको लागी प्याकेज कार्यक्रम, सदरमुकाम केन्द्रित कार्यालय गाउँमै आउनु आदी समृद्धि तर्फको यात्रा भएको मैले ठहर गरेको छु। विद्यमान विविध चुनौतीका वावजुत गाउँपालिका अगाडी बढ्दै गर्दा यसले समृद्ध सुर्यगढी निर्माणमा सिगों गाउँपालिकाको उत्साह, दृढता एव कटिबद्धताको संकेत गरेको छ।

उपस्थित सम्पूर्ण महानुभावहरु,

अब म आ. व. २०७५/०७६ को नीति तथा कार्यक्रम यस सुर्यगढी गाउँपालिकाको गरिमामय गाउँसभामा पेश गर्ने अनुमती चाहन्छु,

१. यस गाउँपालिकाका ५ वटै वडा क्षेत्रहरुबाट गाउँपालिकाको केन्द्र रहने चोकदे बजारसम्म विस्तार भएका तथा हुने सडक सञ्जाल विस्तारलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ । सुर्यगढी गाउँपालिकाको स्थानीय सडक मेरुदण्डको रुपमा सुर्यगढी गाउँपालिका वडा नं. ५ फेदीबेसी बाट हल्देकालिका, चोकदे, बागेश्वरी, कुवापानी हुँदै फलाखुं खोला सम्मको सडक लाई प्राथमिकता दिईनेछ ।

२. यस गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिका भित्र रहेका सामुदायिक बिद्यायालयमा आमुल परिबर्तन गर्ने उद्देश्य राखी पाठ्यक्रम थप, दरबन्दी मिलान, बिद्यालय मर्ज, बिद्यालयमा अध्यापन गराउने शिक्षकको तालिम व्यवस्था, बिद्ययालयको पहुँचबाट बाहिर रहेका १४ बर्ष मुनिका बालबालिकालाई बिद्यालय भर्ना गराई प्रा.बि. तह कक्षा एक बाटै अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने नीति लिईएको छ ।

३. स्थानीय तथा परम्परागत घरेलु उद्योगको पहिचान, प्रबर्द्धन एवं सम्बर्द्धन गरी संचालनमा ल्याउँदै स्थानीय उत्पादनको ब्यसायिकरणमार्फत आय आर्जन बढाऊने नीति लिईएको छ ।

४. सुर्यगढी गाउँपालिकाको पाँचै वडा क्षेत्रको कुन माटोमा कस्तो उत्पादन हुन्छ भन्ने पहिचान गरी आधुनिक खेति प्रणाली अपनाउनको लागि माटो परीक्षण गरि कृषि क्षेत्रको उत्पादकत्व अभिबृद्धि गर्ने नीति लिएको छु । प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै थोपा तथा कुलो सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

५. सुर्यगढी गाउँपालिका वडा नं. ३ चोकदेमा अबस्थित तिन थुम्की निर्माण गरि बागेश्वरी मन्दिर, सुर्यगढी ऐतिहासिक स्थल अबलोकन गर्दै कराचे बाटो हुदै बोहोरे भन्ज्यांङ फटपुर चमेरो गुफा सम्मको पर्यटन रुट निर्माण गरि पर्यटन प्रबर्द्धन गर्न आवश्यक पुर्बाधारको निर्माणको नीति लिईएको छ ।

६. सुर्यगढी गाउँपालिका वडा नं. ३ चापको बोट बाट गैह्रीखर्क तल्लो आल सम्म जिप लाईन पूर्वाधार निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटन आकर्षण गर्दै गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गर्ने नीति लिईएको छ ।

७. महिला, अपाङ्ग, दलित, जनजाती तथा असहाय गरिबको लागी प्रत्येक वडा बाट २५ जनाको पहिचान गरि उन्नत जातको घुम्ती बाख्रा पालन गराई गरिबी न्युनिकरण तथा आय आर्जन वृद्धि गराउने नीति लिईएको छ ।

८. सुर्यगढी गाउँपालिका वडा नं. १ देखि ५ सम्म अति बिपन्न, असहाय, गरिब, पिछडिएको वर्ग, बिहान बेलुका खान नपुग्ने घर परिवारको पहिचान गरि प्रत्येक वडा बाट ५०-५० जनाको संख्यामा छनौट गरि आबस्यक सिप मुलक कार्यक्रम संचालन गरि आय आर्जनको वृद्धि गर्ने नीति लिईएको छ ।

९. सुर्यगढी गाउँपालिकाको कृषकहरुको समस्या लाई मध्यनजर राखी कृषकहरुको समूह बनाइ हरेक वडालाई दश थानको दरले कृषक समूह आफैले ५०% र बाँकी ५०% गाउँपालिकाले व्यहोर्ने गरि आधुनिक औजार हाते ट्रयक्टर वितरण गर्ने व्यवस्था मिलाएको छु, जसले कृषकहरु लाभान्वित हुन्छन भन्ने आशा लिईएको छ ।

१०. एकल महिलाको लागी म एक्लै छु भन्ने चिन्तन मुक्त गराई आत्मविश्वासी गराउन गाउँपालिकाले जिबिकोपार्जनको लागी प्याकेजको कार्यक्रम ल्याउने नीति लिईएको छ ।

११. ७० बर्ष पुराभएका ज्येष्ठ नागरीकहरुलाई सम्मान एवं प्रोत्साहन गर्ने उदेश्यले बार्षिक चाडपर्ब खर्चको ब्यबस्था गरिएको छ ।

१२. वैकल्पीक उर्जा लाई प्रोत्साहन गर्दै सुर्यगढ़ी गाउँपालिकामा रहेका सबै बजारमा सोलारको माध्यम बाट सडक बत्तिको व्यवस्था मिलाउने नीति लिईएको छ ।

१३. सुर्यगढ़ी गाउँपालिका पूर्णखोप सुनिश्चितता तथा खुल्ला दिसा मुक्त गाउँपालिका घोषणा भैसकेको अबस्थामा आचार संहिताको पालना गराउँदै प्रतिबद्धता अभिबृद्धि गराउन बिशेष व्यवस्था गर्ने नीति लिईएको छ ।

१४. सुर्यगढी गाउँपालिका वडा नं. ४ हल्देकालिका तथा वडा नं. ५ गणेस्थान स्वास्थ्य चौकीमा यसै बर्ष देखि बर्थिंङ सेन्टर संचालन गर्ने र प्रत्येक वडामा घुम्ती शिबिरको व्यवस्था गर्ने नीति लिईएको छ ।

१५. प्रत्येक वडाक्षेत्रमा इन्टरनेटको पहुँच पुऱ्याई यस गाउँपालिकामा सूचना प्रविधिको बिकास गर्दै लैजाने नीति लिईएको छ ।

१६. सुर्यगढी गाउँपालिका अन्तर्गत सबै सामुदायिक बिद्यालय तथा स्थानीय कार्यालयमा डिजिटल हाजिरीको ब्यबस्था गर्ने नीति लिईएको छ ।

१७. सूचना प्रबिधिको यस युगमा सूचना प्रविधिको पहुँच बालबालिका सम्म पुर्याउन यस गाउँपालिका अन्तर्गतका सामुदायिक बिध्यालयलाई इन्टरनेट पहुँचमा ल्याई बिध्यालयमा ई-ल्राईब्रेरी को ब्यबस्था गर्ने नीति लिईएको छ ।

१८. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । क्षेत्रीय महत्वको ड्वाँचे खानेपानी आयोजना तथा अन्य खानेपानी आयोजनाहरुलाई समुदायमै हस्तान्तरण गरि व्यक्तिगत उत्तरदायित्व समेत बहन हुने गरी कार्यान्वयनमा ल्याईनेछ । शहरीकरण सँगै विस्तार हुने फोहरमैलाको व्यवस्थापन गर्न ल्याण्डफिल्ड साईडको पहिचान लगायत अन्य व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम बैकिंग प्रणालीमार्फत वितरण गर्नुका साथै समयमा नै उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

२०.नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ ।
साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिगं तथा वित्तिय क्षेत्रको विकास गरिनेछ ।

२१. भूकम्प पश्चातको पुननिर्माण र नवनिर्माण प्रक्रियामा प्रभावकारी सहभागिता एवं सहकार्य गरी पुन निर्माण प्रक्रियालाई तिब्रता दिईनेछ ।

उपस्थित सम्पूर्ण माहानुभावहरु,
२२. गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

२३. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिने तथा नराम्रो काम गर्ने कर्मचारीहरुलाई निरुत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।

२४. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसकालागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति

अख्तियार गरिनेछ । विपद व्यवस्थापनमा क्षमता अभिबृद्धि गरिनेछ । यस क्षेत्रको नागों डाँडामा बृक्षारोपण गरी बन क्षेत्रले ढाकेको क्षेत्र बृद्धि गरिने नीति लिईएको छ । यसको लागि यस गाउँपालिकाको माटो तथा हावा पानी सुहाउँदो बोट विरुवाको अभाव हुन नदिन गाउँपालिकामै नर्सरी को व्यवस्था गरिने छ ।

२५. यस क्षेत्रको आन्तिरिक साधन स्रोतको पहिचान गरिनेछ । वातावरणिय प्रभाव मूल्याङ्कन गरी क्रसर खोल्ने, बालुवा, गिटी, ढुङ्गा, चुन ढुङ्गा लगायत उद्योग सञ्चालनलाई प्रोत्साहन गरी गाउँपालिकाको आय स्रोतको क्षेत्र विस्तार गरिनेछ । राजस्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिबृद्धि गर्ने नीति लिईनेछ । राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणम जोड दिइनेछ ।

२६. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको लगभग अन्त्य भएको छ । आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

२७. व्यक्ति विशेष भन्दा लक्षित वर्ग तथा सामुदाय लाभान्वित हुने योजनालाई प्राथमिकता दिई वस्ती स्तरबाट छनौट भई आएका सहभागितामूलक योजना सञ्चालन गरीनेछ ।

२८. अन्त्यमा समुदायमा समुदायमार्फत समुदायकै भावना र आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्नको लागि यस गाउँपालिकाका बिपन्न, दलित, जनजाती, जोखिममा परेका महिला, बालबालिका, अति गरिबहरुको विकास प्रक्रियामा सम्मानजनक सहभागिता सुनिश्चित गराई विकासका प्रतिफलहरुको न्यायोचित वितरण गर्न सामाजिक परिचालन गाउने नीति लिएको छु । समग्रमा यो नीति तथा कार्यक्रम तल्लो वर्गको हितको लागि आएको हामिले ठहर गरेका छौँ ।

धन्यबाद ।